मोदी गाउँपालिका गाउँ कार्यपालिका बैठकको उपस्थिति एवं निर्णयहरु

बैठक संख्या-१

मिति :- २०८२/०८/०५ गते

आज मिति २०८२ साल मंसिर ५ गते शुक्रबारका दिन मोदी गाउँपालिकाका अध्यक्ष श्री हिरा देवी शर्मा ज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसेको गाउँ कार्यपालिकाको बैठकमा निम्नानुसारको निर्णय गरियो ।

उपस्थिती :

| सि.नं. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हिरा देवी शर्मा | अध्यक्ष | | |
| २ | श्री बिमल लामिछाने | उपाध्यक्ष | | |
| ३ | श्री बाबुराम पुरी<br>प्रमुख प्रशासकीय अधिकृत | सचिव | | |
| ४ | श्री टेक वहादुर गुरुङ्ग | सदस्य | | |
| ५ | श्री वेल वहादुर कार्की क्षेत्री | सदस्य | | |
| ६ | श्री देवेन्द्र वहादुर क्षेत्री | सदस्य | — | |
| ७ | श्री मोहनसिङ चोचाङ्गी पुन | सदस्य | — | |
| ८ | श्री मान वहादुर अधिकारी | सदस्य | | |
| ९ | श्री दिपेन्द्र लामीछाने | सदस्य | २०८२/०८/०५ | |
| १० | श्री दुर्गा प्रसाद शर्मा | सदस्य | | |
| ११ | श्री सुक वहादुर गुरुङ्ग | सदस्य | — | |
| १२ | श्री लक्ष्मी वि.क | सदस्य | Laxmi | |
| १३ | श्री शान्ता आले | सदस्य | शान्ता | |
| १४ | श्री कृष्ण कुमारी मल्ल | सदस्य | | |
| १५ | श्री सन्तोषी वि.क | सदस्य | | |
| १६ | श्री रिता सुनार विश्वकर्मा | सदस्य | | |
| १७ | श्री डिलमाया नेपाली | सदस्य | डिलमाया | |

अन्य उपस्थिति:

(१) कृषि अधिकृत स्मृती तिमिल्सिना SMRITI

(२) पशु चिकित्सक नक्षत्र अधिकारी

(३) कृषि प्राव्य. सुषमा सापकोटा

# मोदी गाउँपालिका गाउँ कार्यपालिका

## बैठक मिति २०८२/०८/०५ गतेको निर्णय

निर्णय नं.१

कार्यपालिकाको मिति २०८२ कार्तिक२६ गते बसेको बैठकका निर्णयहरु कार्यान्वयनको समिक्षा गरियो।

निर्णय नं.२

सेवा करारमा कार्यालय सहयोगी तथा हलुका सवारी चालक छनौट कार्यविधि २०८२ स्वीकृत गर्ने।

निर्णय नं.३

मोदी गाउँपालिकाको पशुसेवा कार्यक्रम संचालन कार्यविधि २०८१ को पहिलो संशोधन २०८२ स्वीकृत गर्ने ।

निर्णय नं ४

मोदी गाउँपालिकाको कृषी विकास कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि २०८२ स्वीकृत गर्ने।

निर्णय नं.५

चालु आ. व. २०८२।०८३ को प्रथम चौमासिक अवधीको चालु तथा पुँजीगत तर्फको आम्दानी तथा सार्वजनिक खर्चलाई अनुमोदन गर्ने ।

निर्णय नं.६

मोदी गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रथम गाँउपालिका अध्यक्ष कप प्रतियोगिता विभिन्न विधाका विद्यालय स्तरिय खेलकुद सहितको पाचौं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता मिति २०८२ मंसिर १४ गतेदेखि १९ गते सम्म संयुक्त रुपमा संचालन गर्ने साथै राष्ट्रपति रनिङ शिल्लड प्रतियोगिता तथा गाउँपालिका अध्यक्ष कप प्रतियोगिताको उद्घाटन समारोह सँगै मोदी गाउँपालिका वडा नं ६लाई वालमैत्री स्थानिय शासनयुक्त वडा घोषणा गर्ने। गाउँपालिका अध्यक्ष कप प्रतियोगिता अन्तर्गत देहाय बमोजिमका खेलकुद प्रतियोगिता तथा विविध सांगितिक कार्यक्रम संचालन तथा पुरस्कारको व्यवस्था गर्ने।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

CamScanner

| क्र सं | खेलकुदको विवरण | प्रतियोगिताको प्रकार | पुरस्कार राशी | कैफियत |
|---|---|---|---|---|
| १ | भलिबल | अन्तरपालिका खुल्ला | प्रथम पुरस्कार : रु १ लाख<br>द्धितिय पुरस्कार : रु ७५ हजार<br>तृतिय पुरस्कार : रु ५० हजार | शिल्ड तथा मेडल सहित |
| २ | ब्याडमिन्टन | जिल्ला स्तरिय खुल्ला (B तथा C लेवल) | प्रथम पुरस्कार : रु २० हजार<br>द्धितिय पुरस्कार : रु १० हजार<br>तृतिय पुरस्कार : रु ५ हजार | शिल्ड तथा मेडल सहित |
| ३ | महिला रत्यौली | अन्तर समुह महिला | प्रथम पुरस्कार : रु २० हजार<br>द्धितिय पुरस्कार : रु १५ हजार<br>तृतिय पुरस्कार : रु १० हजार | सहभागीलाई यातायात खर्च उपलब्ध गराईने |
| ४ | लोक भजन | अन्तर समुह | प्रथम पुरस्कार : रु २० हजार<br>द्धितिय पुरस्कार : रु १५ हजार<br>तृतिय पुरस्कार : रु १० हजार | सहभागीलाई यातायात खर्च उपलब्ध गराईने |
| ५ | लोक नृत्य | विद्यालय स्तरिय समुहगत | प्रथम पुरस्कार : रु १० हजार<br>द्धितिय पुरस्कार : रु ७ हजार<br>तृतिय पुरस्कार : रु ५ हजार | |
| ६ | म्युजिकल चेयर | महिला उद्यमी तथा व्यावसायी | प्रथम पुरस्कार : रु ५ हजार<br>द्धितिय पुरस्कार : रु ३ हजार<br>तृतिय पुरस्कार : रु २ हजार | |
| ७ | भलिबल | जनप्रतिनिधि शिक्षक तथा कर्मचारी विच मैत्रीपुर्ण भलिबल | | मेडल मात्र उपलब्ध गराईने |
| ८ | घैंटो फुटाउने | महिला उद्यमी तथा व्यावसायी | प्रति सफल व्यक्ति रु १००० को दरले कुल पुरस्कार राशी रु ५हजार | |
| ९ | लठो तान्ने (Tug of War) | महिला खुल्ला | पुरस्कार रु ५००० | |

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

CamScanner

निर्णय नं.७ गण्डकी प्रदेश सरकार कृषी भूमी व्यवस्था तथा सहकारी मन्त्रालय पाहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना अन्तर्गतको आयोजना कार्यान्वयन एकाईको च.नं. २७ मिति २०८२।०८।०४ को पत्रानुसार अनुरोध भई आए बमोजिम कृषक समुह सहकारी तथा कृषी उद्यमीहरुका लागी अनुदान व्यवस्थापन कार्यविधि २०८१ को दफा ८ मा उल्लेखित कानुनी व्यवस्था बमोजिम देहाय बमोजिमको गाउँपालिका स्तरिय समन्वय समिति गठन गर्ने ।

तपसिल

| क सं | पदाधिकारी/ कर्मचारी/ प्रतिनिधि | पद |
|---|---|---|
| १ | उपाध्यक्ष श्री बिमल लामिछाने | अध्यक्ष |
| २ | कार्यपालिका सदस्य श्री टेक बहादुर गुरुङ | सदस्य |
| ३ | प्रमुख प्रशासकीय अधिकृत श्री बाबुराम पुरी | सदस्य |
| ४ | कृषी विकास कार्यालयको प्रमुख वा निजले तोकेको प्रतिनिधि | सदस्य |
| ५ | आयोजना कार्यान्वयन एकाईको प्रमुखले तोकेको प्रतिनिधि | सदस्य |
| ६ | कृषक सहजकर्ता श्री भगवती पौडेल | सदस्य |
| ७ | कृषी विकास उपशाखा प्रमुख श्री स्मृती तिमिल्सिना | सदस्य सचिव |

निर्णय नं. ८

गण्डकी प्रदेश सरकार कृषी भूमी व्यवस्था तथा सहकारी मन्त्रालय पाहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना अन्तर्गतको आयोजना कार्यान्वयन एकाईको च नं २८ मिति २०८२।०८।०४ को पत्रानुसार अनुरोध भई आए बमोजिम आयोजनाबाट प्रवाह हुने सेवा एवं सेवाग्राहीको पहुँच तथा सहभागिता बृद्धि गरी निजहरुबाट प्राप्त गुनासो सुझाव एवं पृष्ठपोषण लिन जनउत्तरदायी ढंगबाट कुशलतापूर्वक पारदर्शी रुपमा सेवा समयमै उपबल्ध गराई सुशासनको प्रत्याभूती दिलाउन कृषी तथा पशुपंक्षी विकास मन्त्रालय गण्डकी प्रदेशको गुनासो व्यवस्थापन कार्यविधि २०८० को दफा (१४) को उपदफा (१) बमोजिम मोदी गाउँपालिकामा प्राप्त गुनासोको सुनुवाई गरी निर्णय गर्न देहाय बमोजिमको गुनासो समाधान समिति गठन गर्ने।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

CamScanner

तपसिल

| क सं | पदाधिकारी कर्मचारी प्रतिनिधि | पद |
| --- | --- | --- |
| १ | गाउँपालिका अध्यक्ष श्री हिरादेवी शर्मा | संयोजक |
| २ | प्रशासन शाखा प्रमुख (गाउँ कार्यपालिकाको कार्यालय) | सदस्य |
| ३ | अनुदानग्राही मध्येबाट आयोजनाले तोकेको महिला तथा विपन्न समुदायको प्रतिनिधि | सदस्य |
| ४ | नागरिक समाजको प्रतिनिधि श्री तेज बहादुर क्षेत्री | सदस्य |
| ५ | गुनासो सुन्ने अधिकारी (प्रमुख प्रशासकीय अधिकृत) | सदस्य सचिव |

निर्णय नं.९

मिति २०८२।०७।१२ गते बसेको मोदी गाउँपालिकाको स्थानिय विपद व्यवस्थापन समितिको निर्णयहरु अनुमोदन गर्ने ।

निर्णय नं.१०

महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको च नं ५१ मिति २०८२।०६।२३ को कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन अनुसार राष्ट्रिय महिला सशक्तिकरण परियोजना अन्तर्गत जिविकोपार्जन सुधार कार्यक्रम संचालनको लागी सशर्त अनुदानको रुपमा प्राप्त बजेट रकम रु ९०००००।- (अक्षरेपी रु नौ लाख मात्र) स्थानिय तहमा जिविकोपार्जन सुधार कार्यक्रम संचालन कार्यविधि २०८२ को अधिनमा रहि यस गाउँपालिका क्षेत्र भित्रका गरिब दलित तथा आर्थिक रुपले विपन्न महिलाहरुको आय आर्जन तथा जिविकोपार्जन सुधारका क्षेत्रमा कार्यान्वयन गर्ने।

निर्णय नं ११

मोदी गाउँपालिका वडा नं ६ स्थित नवजागृत माध्यमिक विद्यालयको चारवटा कक्षा कोठाहरुको सिलिङ तथा जिप्सम वोर्ड मर्मत सम्भारको लागी चालु आर्थिक वर्ष २०८२।०८३को लागी विद्यालय भवन मर्मत तथा सम्भारको लागी विनियोजित बजेट शिर्षक बाट खर्च व्यहोर्ने गरी प्राविधिक लागत अनुमान बमोजिम रु तीन लाख तेईस हजार मात्र स्रोत सुनिश्चित गर्ने ।

निर्णय नं १२

मोदी गाउँपालिका वडा नं ६ स्थित तिलाहार युवा क्लवद्धारा शुभ दिपावली २०८२ को अवसरमा मिति २०८२ कार्तिक १ देखि ४ गते सम्म आयोजना गरेको वडा स्तरिय पुरुष भलिबल प्रतियोगिता तथा विविध सांस्कृतिक कार्यक्रमको पुरस्कार तथा कार्यक्रम व्यवस्थापन वापतको रु १०००००।- (अक्षरेपी रु एक लाख मात्र) युवा सँग उपाध्यक्ष कार्यक्रमबाट खर्च व्यहोर्ने गरी तिलाहार युवा क्लवलाई उपलब्ध गराउने।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

CamScanner

निर्णय नं १३

मोदी गाउँपालिका सँग सम्बन्धित विभिन्न सुचना जानकारीहरु तथा लोककल्याणकारी एवं जनहितमा जारी सुचनाहरु प्रकाशन/प्रसारण, मोदी गाउँपालिकाको विकास, शासकिय प्रवन्ध र सेवाप्रवाहको बारेमा समाचार प्रसारण, खोजपत्रकारिता एवं असल अभ्यासहरुको प्रवर्द्धन गर्ने प्रयोजनको लागी नेपाल पत्रकार महासंघ पर्वत र मोदी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय विच भएको सम्झौतालाई अनुमोदन गर्ने तथा सम्झौतामा उल्लेखित कार्यसम्पादन गर्ने शर्तमा रकम रु ८०००००।- (अक्षरेपी रु आठ लाख मात्र) प्रचलित आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धी संघिय तथा प्रदेश ऐन नियमावलीको अधिनमा रहि फर्छ्यौट गर्नेगरी दुई किस्तामा पेश्किस्वरुप उपलब्ध गराउने ।

निर्णय नं १४

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संघिय सरकारबाट हस्तान्तरित बजेट बाट गाउँपालिकाको पर्यटन पर्वर्द्धन तथा पर्यटकिय संभावना बोकेका पूर्वाधारहरु ऐतिहासिक कोट दरवार, धार्मिक /सांस्कृतिक सम्पदा, पदमार्ग/ पैदलमार्ग, परम्परागत धारा /पँधेरा/ पाटी/ पौवा/ सत्तल, विद्यालय भवनहरु मर्मत सम्भार, रंगरोगन, जिर्णोद्धार तथा कृषी उत्पादन तथा उत्पादकत्व अभिवृद्धी को लागी उच्च संभावनायुक्त स्थानमा रहेका बाँझो जमिनमा खेती प्रणाली सुदृढिकरण कार्यक्रममा खर्च गर्ने गरी मोदी गाउँपालिका भित्रका सबै वडाहरुमा सुचिकृत बेरोजगारहरुको संख्याको आधारमा तपशिल बमोजिम बजेट बाँडफाँड गर्ने ।

तपसिल

| क सं | वडा नं | कुल सुचीकृत बेरोजगार संख्या | बाँडफाँड वापतको बजेट रकम रु |
|---|---|---|---|
| १ | वडा नं १, भुक | २९९ | ९०५८८१।- |
| २ | वडा नं २, देउपुर | २१९ | ६६३५०५।- |
| ३ | वडा नं ३, देउराली | १६७ | ५०५९६०।- |
| ४ | वडा नं ४, क्याङ | २३३ | ७०५९२१।- |
| ५ | वडा नं ५, वाजुङ | ६० | १८१७८२।- |
| ६ | वडा नं ६, तिलाहार | ११२ | ३३९३२७।- |
| ७ | वडा नं ७, राम्जा देउराली | ५३ | १६०५७४।- |
| ८ | वडा नं ८, चित्रे | ६९ | २०९०५०।- |
| | जम्मा | १२१२ | ३६७२०००।- |

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

निर्णय नं १५

गत आ. व. २०८१।०८२ मा प्रधानमन्त्री रोजगार कार्यक्रम तथा कृषी विकास उपशाखाको संयोजनमा मोदी ४ लेस्पारमा आलु खेती गरी बिउको लागी भण्डारण गरिएको आलु मध्येबाट मोदी गाउँपालिका वडा नं ३ स्थित माझगाउँ कृषी समुहको माग निवेदन बमोजिम चार सय पचास केजी आलु बिउ ५० प्रतिशत लागत साझेदारीमा उपलब्ध गराउने र बाँकी बिउ उत्पादनको संभावना भएका स्थानमा बाँझो जमिन भाडामा लिएर आलु खेती गर्ने ।

निर्णय नं १६

मोदी गाउँपालिका भित्रका विपद बाट प्रभावित तथा आर्थिक रुपमा विपन्न र गरिव नागरिकरुलाई विपद व्यवस्थापन तथा आर्थिक सहायता सम्वन्धी प्रचलित कानुन तथा कार्यविधिको अधिनमा रहि संलग्न प्रमाण तथा प्रहरी सर्जमिन मुचुल्का लगायतको कागजातको आधारमा देहाय बमोजिम आर्थिक सहायता तथा उपचार खर्च प्रदान गर्ने ।

| क स | लाभग्राहीको नामथर | ठेगाना | घटनाको प्रकृती/विवरण | सहायता रकम रु. |
|---|---|---|---|---|
| १ | सुकुमा कामी | मोदी-५ | दुबै आँखाको अप्रेशन गर्नु पर्ने घरको आर्थिक अवस्था कमजोर | १०००० |
| २ | उमलाल सुनार | मोदी-३ | कलेजोको समस्याको मनिपालमा उपचार गर्दै घरको आर्थिक अवस्था कमजोर | १०००० |
| ३ | कम माया पुन | मोदी-४ | मिति २०८२/०६/१६ गते आगलागी भई घरका सामान जलेर क्षती भएको | २०००० |
| ४ | सुदिप कुमार नेपाली | मोदी-६ | वर्षाका कारण घर भत्किएर मर्मत गर्नुपर्ने अवस्था भएको | १०००० |
| ५ | केदारनाथ पाध्या | मोदी-७ | वर्षाका कारण घर भत्किएर मर्मत गर्नुपर्ने अवस्था भएको | १०००० |
| ६ | बेल बहादुर केसी | मोदी-५ | अलैंची खेतीमा पहीरोले क्षती भएको | १०००० |
| ७ | रविन गर्नदर्भ | कचनकवल-२ झापा | मौलिक लोकबाजा र लोक संस्कृतीको संरक्षण संवर्द्धन पूर्व मेचि देखि पश्चिम महाकाली सम्म बृहत गन्धर्व सांस्कृतिक अभियान कार्यक्रम | १५००० |
| ८ | गोपाल दमै | मोदी- ३ | मौसमजन्य विपदजन्यबाट घर भत्किएको | १०००० |
| ९ | खुशीराम बि क | मोदी-६ | बर्षाका कारण आँगनबाट पहिरो गई घर जोखिमभमा परेको | १०००० |

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

CamScanner

| | | | | |
|---|---|---|---|---|
| १० | राजु प्रसाद पौडेल | मोदी-५ | बर्षाका कारण घर भत्किएर मर्मत गर्नु पर्ने अवस्था भएको | ८००० |
| ११ | दोर्णराज सुवेदी | मोदी-५ | बर्षाका कारण घर भत्किएर मर्मत गर्नु पर्ने अवस्था भएको | ८००० |
| १२ | पार्वती कुवँर | मोदी-५ | बर्षाका कारण घर भत्किएर मर्मत गर्नु पर्ने अवस्था भएको | १०००० |
| १३ | पूर्ण बहादुर वि क | मोदी-१ | विघुत लाईल सर्ट भई घरमा आगलागी भई सामान क्षती भएको | २०००० |
| १४ | माया खड्का | मोदी-३ | पाल्दै आएको भैसी उपचारका क्रममा मरेको घरको आर्थिक अवस्था कमजोर भएको | ८००० |
| १५ | होम बहादुर छन्त्याल | मोदी-१ | घरमाथी वाट आएको पहिरोको कारण गोठ भत्किएको साथै पहिरो रोकथाम गर्न तार जाली लगाई व्यवस्थापन गर्नुपर्ने | १०००० |
| १६ | सम्झना दर्मै | मोदी-१ | बर्षाका कारण घरको पछाडी भित्ता नजिकै पहिरो गएको पहिरो व्यवस्थापन गर्नुपर्ने अवस्था भएको | १०००० |
| १७ | नर बहादुर लामिछाने | मोदी-६ | बर्षाका कारण घर भत्किएर मर्मत गर्नुपर्ने | १०००० |
| १८ | डल्ली लामिछाने | मोदी- | आगोले पोलेर उपचार गर्न आर्थिक अवस्था कमजोर भएकोले आर्थिक सहायता | १०००० |

**निर्णय नं १७**

कल्प वुमन ईम्पावर नेपालको आयोजनामा काठमाण्डौमा हुने She Leads Icon अवार्ड समारोहमा मोदी गाउँपालिकाको तर्फबाट महिला उधमी कल्पना नेपालीलाई मोदी गाउँपालिकाको स्थानिय उत्पादन प्रदर्शन गर्न सहभागी हुन पठाउने ।

**निर्णय नं १८**

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०८१।०८२ मा कार्य सम्पन्न भएको मोदी गाउँपालिका वडा नं ५ स्थित मोटरबाटो स्टोन सोलिङ तथा गोरेटो बाटो निर्माण योजनाको भुक्तानी गर्न बाँकी रहेको रु.११५०००।– (अक्षरेपी रु. एक लाख पन्ध्र हजार मात्र) चालु आ.

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

CamScanner

व.२०८२।०८३ को लागी प्रधानमन्त्री रोजगार कार्यक्रममा गाउँपालिकाले साझेदारी गरेको बजेटबाट भुक्तानी गर्ने ।

**निर्णय नं १९**

मोदी गाउँपालिका वडा नं ६ मा रहेको नवजागृत माध्यमिक विद्यालयको खेलमैदान तथा विद्यालय प्राङ्गणमा बाढी तथा भलको कारण जम्मा हुन पुगेको माटो गेग्रान ढुंगा लगायतका निर्माणजन्य सामग्री व्यवस्थापन तथा खेलमैदान सम्याउने कार्यको लागी प्राविधिक लागत अनुमान बमोजिमको रकम रु ८१९४६।- (अक्षरेपी रु एकासी हजार नौ सय छ्यालिस मात्र) विपद व्यवस्थापन कोषबाट खर्च व्यहोर्ने गरी स्रोत सुनिश्चित गर्ने ।

**निर्णय नं २०**

विद्यालयको मौजुदा जनशक्ती विद्यालयको आवश्यकता तथा विद्यालय समुदाय सम्बन्ध समेतलाई मध्यनजर गर्दै मोदी गाउँपालिका वडा नं २ स्थित शिव आधारभूत विद्यालय तथा मोदी ६ स्थित नवदुर्गा आधारभूत विद्यालयमा साविकमा कार्यरत बालकक्षा शिक्षिकाहरुलाई २०८२ मंसिर देखि लागु हुने गरी चालु शैक्षिक सत्रको २०८२ चैत्र मसान्त सम्मको लागी निरन्तरता दिने ।

**निर्णय नं २१**

अध्यक्ष सँग दिदीबहिनी कार्यक्रम अन्तर्गत चालु आ. व. २०८२।०८३ को लागी विनियोजित बजेट रु १५०००००।- (अक्षरेपी रु पन्ध्र लाख) तपशिल बमोजिमको क्रियाकलापमा खर्च गर्नेगरी बाँडफाँड गर्ने ।

| क सं | क्रियाकलापको नाम | बजेट रकम रु | लक्षित समुह |
|---|---|---|---|
| १ | महिला/आमा समुहहरुलाई मागमा आधारित सामग्री हस्तान्तरण | २५००००।- | गाउँपालिका भित्रका सक्रिय आमा समुहहरु |
| २ | महिला लक्षित चाडपर्व सम्बन्धी कार्यक्रम संचालन | २५००००।- | गाउँपालिका भित्रका सम्पुर्ण महिलाहरु तथा जिल्ला भित्र क्रियाशिल महिला संचारकर्मीहरु |
| २ | सचेतनामुलक एवं अभिमुखीकरण कार्यक्रमहरु संचालन तथा व्यवस्थापन | २०००००।- | गाउँपालिका भित्रका सक्रिय आमा समुहहरु |
| ३ | दलित तथा विपन्न महिलाहरुको लागी मागमा आधारित जिवनोपयोगी तालिम संचालन | २०००००।- | दलित तथा विपन्न समुदायका महिलाहरु |
| ४ | महिला समुहलाई विविध कार्यक्रम संचालनको लागि आर्थिक सहयोग | २०००००।- | गाउँपालिका भित्रका सक्रिय आमा समुहहरु |

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

CamScanner

| | | | |
|---|---|---|---|
| ५ | स्त्रीरोग तथा प्रजनन स्वास्थ्य सँग सम्बन्धित स्वास्थ्य शिविर संचालन तथा व्यवस्थापन | २००००० ।- | गाउँपालिका भित्रका सम्पूर्ण महिलाहरु |
| ६ | हिंसा तथा द्वन्द्वमा परेका किशोरी तथा महिलाहरुलाई आर्थिक सहायता तथा पुर्नस्थापना | १००००० ।- | हिंसापिडित तथा द्वन्द्वपिडित महिला तथा किशोरीहरु |
| ७ | दलित तथा आर्थिक रुपमा विपन्न समुदायका छात्राहरुलाई शैक्षिक सामग्री प्रदान | १००००० ।- | दलित तथा विपन्न समुदायका छात्राहरु |

**निर्णय नं.२२**

मोदी गाउँपालिका वडा नं ३ स्थित घुरुङसेरा युवा क्लबलाई विविध खेलकुद कार्यक्रम संचालन तथा पुरस्कार व्यवस्थापन बापत कार्यक्रमको प्रस्तावनाको आधारमा युवा सँग उपाध्यक्ष कार्यक्रमबाट रु ५५,५५५ ।- (अक्षरेपी रु पचपन्न हजार पाँच सय पचपन्न मात्र ) प्रदान गर्ने ।

**निर्णय नं २३**

मोदी गाउँपालिकाबाट मिति २०८२ मंसिर १४ देखि १९ सम्म संचालन हुने गाँउपालिका अध्यक्ष कप र राष्ट्रपति रनिङ शिल्ड कार्यक्रम संचालनमा उत्पन्न हुन सक्ने विवाद तथा मतभेदहरुको तत्काल समाधान गरी शान्तिपुर्ण रुपमा कार्यक्रम संचालन गर्ने व्यवस्थाका लागी मोदी गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक श्री शुक बहादुर गुरुङको संयोजकत्वमा साविकमा गठित विवाद समाधान उपसमितिलाई निरन्तरता दिने ।

**निर्णय नं २४**

प्रथम गाँउपालिका अध्यक्ष कप प्रतियोगिता २०८२ तथा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता अन्तर्गतका विविध खेलकुद गतिविधिहरुलाई व्यवस्थित रुपमा संचालन गर्न जिल्ला खेलकुद विकास समिति जिल्ला भलिबल संघ तथा मोदी व्याडमिन्टन संघ सँग आवश्यक सहकार्य गर्ने तथा गाउँपालिका भित्र रहेका विभिन्न विधाका राष्ट्रिय, प्रदेश तथा स्थानिय स्तरका खेलाडीहरुलाई सम्वन्धित उपसमितिहरुमा आमन्त्रित सदस्यको रुपमा मनोनियन गर्ने ।

**निर्णय नं २५**

मोदी गाउँपालिका भित्रका स्थानिय मेलापर्वको प्रवर्द्धन तथा संरक्षण गर्ने उद्देश्यले बालाचतुर्दशीमा सतबिज छर्ने मेला व्यवस्थापन तथा तोरण तार्ने परम्परालाई निरन्तरता दिने तपसिल बमोजिमका धार्मिक तथा सांस्कृतिक संस्थाहरुलाई मोदी गाउँपालिकाको स्थानिय मेलापर्व व्यवस्थापन शिर्षकमा विनियोजित बजेटबाट देहायको रकम उपलब्ध गराउने निर्णय गरियो ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

| क्र सं | धार्मिक/ सांस्कृतिक सम्पदा/ स्थानको नाम | रकम रु | कैफियत |
|---|---|---|---|
| १ | देउपुर शिव मन्दिर व्यवस्थापन समिति | २५०००। | |
| २ | शिवालय मन्दिर व्यवस्थापन समिति,बाजुङ | २५०००। | |
| ३ | बाउसे गणेश मन्दिर व्यवस्थापन समिति | २५०००। | |
| ४ | पातीचौर पार्वती मन्दिर व्यवस्थापन समिति | २५०००। | |
| ५ | पञ्चासे धार्मिक क्षेत्र विकास समिति | २५०००। | |

निर्णय नं.२६ मिति २०८२।०७।१२ गते बसेको मोदी गाउँपालिकाको स्थानिय विपद व्यवस्थापन समितिको निर्णयहरु अनुमोदन गर्ने ।

निर्णय नं २७

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ६४ को उपदफा १ च को व्यवस्था एवं नेपाल सरकार मन्त्रिपरिषदद्धारा जारी गरेको ढुँगा गिटी तथा वालुवा उत्खनन बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ बमोजिम मोदी गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने प्राकृतिक स्रोत कर संकलनको लागी प्रारम्भिक वातावरणीय परिक्षण (Initial Environmental Examination) मा उल्लेखित रतिखोला तथा पातीखोलाका बगरहरुबाट तोकिएको परिमाणमा नदीजन्य निर्माण सामग्री उत्खनन अनुमतिको लागी प्रचलित कानुनको अधिनमा रहि आय ठेक्का आव्हान गर्ने ।

निर्णय नं २८

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ६२क. को उपदफा (१) मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मुल्यांकन तथा प्रारभ्भिक वातावरणीय परिक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिटी, वालुवा एवं माटोजन्य वस्तुको बिक्री गर्न सक्ने कानुनी व्यवस्था बमोजिम गाउँपालिका क्षेत्रभित्रका निजी तथा सार्वजनिक जग्गामा जम्मा भएको नदीजन्य निर्माण सामग्री प्रचलित कानुनी विधि तथा प्रक्रियाको अवलम्वन गरी स्थानिय करको दायरमा ल्याई आवश्यक व्यवस्थापन गर्ने ।

निर्णय नं २९

जिल्ला प्रहरी कार्यालय पर्वतको च.नं. ९२३ मिति २०८२ कार्तिक २७ गतेको पत्रानुसार मिति २०८२।०७।१६ गते मोदी गाउँपालिका वडा नं ६ स्थित मोदी ईनर्जी प्रा. ली. को पारिपट्टी मोदीखोला किनारमा फेला परेको तथा पहिचान नखुलेको अन्दाजी ५०/५२को पुरुष को वेवारिसे लासको व्यवस्थापन तथा सद्गतको लागी अनुरोध भई आएको हुँदा मोदी गाउँपालिका क्षेत्रमा फेला परेको उक्त वेवारिसे लास व्यवस्थापनको लागी रु १५०००।– (अक्षरेपी रु पन्ध्र हजार मात्र)उपलब्ध गराउने ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

CamScanner

निर्णय नं ३०

प्रेस चौतारी नेपाल पर्वत शाखाद्वारा हरितालिको तिज २०८२ को अवसरमा आयोजना गरेको पर्वत जिल्लामा क्रियाशिल महिला पत्रकारहरुलाई सम्मान कार्यक्रमको लागी रु १८७००।- (अक्षरेपी रु अठार हजार सात सय मात्र) अध्यक्ष सँग दिदीबहिनी कार्यक्रममा विनियोजन गरेको खर्च शिर्षकबाट प्रदान गर्ने ।

निर्णय नं ३१

मोदी गाउँपालिकाको कृषी समिति गठन तथा परिचालन सम्बन्धी कार्यविधि २०८२ स्वीकृत गर्ने।

निर्णय नं ३२

मोदी गाउँपालिकाको अध्यक्ष कप खेलकुद प्रतियोगिता संचालन तथा व्यवस्थापन कार्यविधि २०८२ स्वीकृत गर्ने ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

CamScanner